आज मिति २०७८/०१/१३ गते प्रमुख जिल्ला अधिकारी श्री श्रवण कुमार तिमिल्सिनाज्यूको अध्यक्षतामा बसेको DCCMC (District Covid 19 crisis Management Center) बैठकले देहायका पदाधिकारीहरुको उपस्थितिमा निम्न बमोजिम गर्ने निर्णय गरियो ।

**उपस्थिति**

प्र.जि.अ. श्री श्रवण कुमार तिमिल्सिना, जिल्ला प्रशासन कार्यालय, झापा

स.प्र.जि.अ. श्री कृष्ण बहादुर शाही, जिल्ला प्रशासन कार्यालय, झापा

प्रमुख सेनासी श्री अमर जंग थापा,नयाँ श्रीनाथ गण, झापा

प्र.उ.श्रीसानुराम भट्टराई , जिल्ला प्रहरी कार्यालय, झापा

स.प्र.उ. श्री रमेश कुमार पाण्डे, सशस्त्र प्रहरी बल, २ नं. गण हे.क्वा, झापा

उप.अनुसन्धान निर्देशक श्री ~~प्रशान्त बराल~~, जिल्ला अनुसन्धान कार्यालय, झापा

जि.स.अ. श्री ~~रुद्र प्रसाद न्यौपाने~~ जि.स.समितिको कार्यालय, झापा

शा.अ. श्री रेखनाथ दाहाल मेची अंचल अस्पताल, झापा

का.प्र.स्वा.का श्री इश्वरी पौडेल, स्वास्थ्य कार्यालय, झापा

अध्यक्ष श्री लोकराज ढकाल नेपाल रेडक्रस सोसाइटी, झापा शाखा

**बिशेष उपस्थिति**

प्रमुख श्री सोमनाथ पोर्तेल जिल्ला समन्वय समिति झापा

प्रमुख श्री जिवनकुमार श्रेष्ठ, भद्रपुर न.पा

प्रमुख श्री विमल आचार्य, मेचीनगर न.पा.

प्रमुख श्री रोमनाथ ओली, दमक न.पा.

प्रमुख श्री धुर्व कुमार शिवाकोटी, बितोमोड न.पा.

प्रमुख श्री राजेन्द्र पोखरेल, कनकाई न.पा

प्रमुख श्री हरि राना, अर्जुनधारा न.पा.

प्रमुख श्री चन्द्र कुमार शेर्मा, शिवसताक्षी न.पा.

प्रमुख श्री रोहित कुमार शाह, गौरादह न.पा

अध्यक्ष श्री मेनुका काफले, कमल गा.पा.

अध्यक्ष श्री रमेश कुमार भुजेल, बुद्धशान्ति गा.पा

अध्यक्ष श्री खडग प्रसाद राजवंशी, बाह्रदशी गा.पा

अध्यक्ष श्री रविन्द्र लिङ्गदेन, हल्दिबारी गा.पा

अध्यक्ष श्री अंन्जार आलम, कचनकवल गा.पा.

अध्यक्ष श्री जय नारायण शाह झापा गा.पा.

अध्यक्ष श्री ~~बाबुसजा श्रेष्ठ~~, गौरिगन्ज गा.पा दिपिका थापा (उपाध्यक्ष)

प्रतिनिधि श्री असारु राजवंशी नेकपा एमाले जिल्ला कार्य समिति झापा

सभापती श्री उद्धव थापा नेपाली कंग्रेस जिल्ला कार्य समिति झापा

सचिव श्री मणी कुमार साम्पाङ्ग नेकपा माओवादी केन्द्र जिल्ला कार्य समिति झापा

अध्यक्ष श्री अनुत सिंह राजवंशी जनता समाजवादनी पार्टी जिल्ला कार्य समिति झापा

प्रतिनिधि श्री अविशेक ढुङ्गाना राष्ट्रिय प्रजातन्त्र पार्टी जिल्ला कार्य समिति झापा

सभापति श्री एकराज गिरी नेपाल पत्रकार महासंघ झापा

प्र.प्र.अ. श्री खेमराज थापा झापा गा.पा.

प्र.प्र.अ. श्री राजु दाहाल गौरिगन्ज गा.पा

निर्णयहरु :-

१. कोभिड-१९ सम्बन्धी अघिल्लो बैठकमा भएका निर्णयहरुको समिक्षा तथा विश्लेषण गरियो ।

२. नेपाल सरकार मन्त्रीपरिषदको म.वै. ३०४४, १/०७८ मिति २०७८/०१/०६ तथा जिल्ला कोभिड -१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को मिति २०७८/०१/०७ को निर्णयको प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

३. यस जिल्लाका सबै विद्यालय, कलेज, ट्युसन सेन्टर, तालिम केन्द्र २०७८ बैशाख मसान्त सम्म भौतिक रुपमा उपस्थित नभई भर्चुअल वा वैकल्पिक शिक्षण सिकाईका विधिहरु अपनाई शैक्षिक गतिविधि संचलन गर्ने र सोको अनुगमन सम्बन्धित स्थानीय तहका शिक्षा शाखा प्रमुख एवं शिक्षा विकास तथा समन्वय इकाइले अनुगमन गर्ने ।

४. कोभिड १९ को संक्रमण फैलन नदिन र त्यसको न्यूनिकरणको लागि तोकिएको मापदण्डहरु पालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्न र भविश्यमा चाल्नु पर्ने सम्भावित कदमको बारेमा सुझाव सहितको प्रतिवेदन पेश गर्न जिल्ला स्तरमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरि अनुगमन समिति गठन गर्ने र उक्त समितिले अनुगमन गरि सो को प्रतिवेदन DCCMC समक्ष पेश गर्ने ।

| | | |
|---|---|---|
| स.प्र.जि.अ श्री कृष्ण बहादुर शाही, जिल्ला प्रशासन कार्यालय झापा | | - संयोजक |
| सेनानी श्री | नेपाली सेना, नयाँ श्रीनाथ गण चारआली व्यारेक | - सदस्य |
| प्र.ना.उ. श्री | जिल्ला प्रहरी कार्यालय भद्रपुर, झापा | -सदस्य |
| स.प्र.न.उ.श्री | शसस्त्र प्रहरी वल २ नं | -सदस्य |
| अनुसन्धान अधिकृत | राष्ट्रिय अनुसन्धान केन्द्र भद्रपुर झापा | - सदस्य |
| अधिकृत प्रतिनिधि | स्वस्थ्य कार्यालय झापा | - सदस्य |
| अधिकृत प्रतिनिधि | जिल्ला रेडकस सोसाइटी झापा | - सदस्य |

५. कोभिड १९ को संक्रमण फैलन नदिन र त्यसको नियन्त्रणको लागि तोकिएको मापदण्डहरु पालना गरे नगरेको सम्बन्धमा अनुगमन गर्न पालिका स्तरमा प्रमुख प्रशासकिय अधिकृतको संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरि अनुगमन समिति गठन गर्ने ।

| | |
|---|---|
| प्रमुख प्रशासकिय अधिकृत सम्बन्धित पालिका | - संयोजक |
| स्थानिय प्रहरी प्रतिनिधि सम्बन्धित पालिका | - सदस्य |
| प्रतिनिधि स्थानिय स्वस्थ्य शाखा प्रमुख | - सदस्य |
| स्थानिय स्तरमा अन्य सरोकारवाला निकाय/ संघ संस्थाका प्रतिनिधि | - सदस्य |

६. सार्वजनिक यातायातमा तोकिएको स्वस्थ्य सुरक्षा मापदण्ड पालना गरे नगरेको अनुगमन गर्न देहाय बमोजिमको समिति गठन गर्ने र उक्त समितिले प्रभाकारी रुपमा अनुगमन गरि यसको प्रतिवेदन DCCMC मा पेश गर्ने

| | |
|---|---|
| प्रमुख जिल्ला ट्राफिक प्रहरी कार्यालय, झापा | - संयोजक |
| प्रतिनिधि यातायात व्यवसयी महासंघ झापा | - सदस्य |
| प्रतिनिधि यातायात व्यवस्था कार्यालय झापा | - सदस्य |

७. काँकडभिट्टा नाकाबाट प्रवेश गर्ने यात्रुहरुको लागि मेचीनगरमा १००० जना क्षमताको होडिङ्ग सेन्टरको स्तरोन्नती र कलवलगुडी स्थित प्रदेश प्रशिक्षण केन्द्रमा थप ५०० क्षमताको होल्डिङ्ग सेन्टर निर्माण गर्न आवश्यक श्रोत साधनको व्यवस्थापनको लागि प्रदेश सरकार, अन्तरिक मामिला तथा कानुन मन्त्रालय समक्ष अनुरोध गर्ने ।

८. जिल्ला स्थित सबै पालिकाहरुले कम्तीमा १०० बेड क्षमताको क्वारेन्टाइन र कम्तीमा ५० वेड क्षमताको अक्सिजन सहितको आइसोलेसन वार्ड निर्माण गर्ने ।

९. स्थानीय तहको अगुवाई तथा सुरक्षा निकायको सहयोगमा कोभिड १९ सम्बन्धि चेतना मुलक कार्यक्रम (प्रचार प्रसार, पम्पेल्ट, माईकिङ्ग) घनिभुत रुपमा सञ्चालन गर्ने र यस कार्यका लागि सञ्चार माध्यम लागायत अन्य संघ संस्थाहरुले समेत आवश्यक सहयोग गर्ने ।

१०. सीमा नाकामा थप कडाई गर्ने र सशस्त्र प्रहरी वल नेपाल र नेपाल प्रहरीको जनशक्ति थप गर्न नेपाल सरकार गृह मन्त्रालय र १ नं प्रदेश सरकार अन्तरिक मामिला तथा कानुन मन्त्रालय समक्ष अनुरोध गर्ने ।

११. अत्यावश्यक काम नपरि नेपाल भारत आवत जावत नगर्न आम सर्वसाधारणलाई अपिल गर्ने ।

१२. कोभिड १९ को कारण ज्यान गुमाएका व्यक्तिहरुको शव व्यवस्थापन नेपाली सेनाले गर्ने र त्यसको लागि आवश्यक स्वास्थ्य सुरक्षाका उपकरण र शव वहान तथा एम्बुलेन्सको व्यवस्था सम्बन्धित स्थानीय तहले व्यवस्था गर्ने ।

१३. होल्डिङ्ग सेन्टर तथा सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीहरुको लागि आवश्यक पर्ने स्वास्थ्य सुरक्षा सामाग्रीहरु सम्बन्धित पालिकाबाट व्यवस्थापन गर्न अनुरोध गर्ने ।

१४. कोरोना संकमण भएका विरामीहरुलाई जिल्लाको अस्पताल तथा जिल्ला वाहिरका अस्पतालमा पठाउनु पर्ने अवस्थामा जिल्लामा संचालित एम्बुलेन्सहरुलाई पालिकाहरुसंग समेत समन्वय गरी आवश्यक व्यवस्था मिलाउने साथै जिल्ला प्रहरी कार्यालय, झापामा-१ वटा र ईलाका प्रहरी कार्यालय, विर्तामोडमा-१ वटा एम्बुलेन्स तयारी अवस्थामा राख्ने व्यवस्था स्वास्थ्य कार्यालय, झापाले मिलाउने ।

१५. जिल्लाका सबै क्रियाशिल राजनीतिक दलहरुलाई आमसभा लगायतका भिडभाडयुक्त कार्यक्रमहरु नगर्न अनुरोध गर्ने ।

१६. सार्वजनिक सेवा प्रवाहमा भिडभाड हुने कार्यालयहरुमा आलो/ पालो मिलाएर स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरि सेवा प्रदान गर्ने ।

१७. सिमा निकामा आवत जावत नियन्त्रण गर्नका लागि सशस्त्र प्रहरी वल नेपाल नं २ गण हे.क्वा बाट स्थापना गरिने FOP को लागि आवश्यक पर्ने सामाग्रीहरु साहयोगको लागि पालिकाहरु सँग अनुरोध गर्ने ।

१८. यस जिल्लामा उपचार हुन नसक्ने कोभिड १९ का गम्भीर विरामीहरुको हकमा अन्य जिल्लाका कोभिड अस्पतालहरुमा थप उपचारका लागि पठाउदा स्वास्थ्य कार्यालय झापा मार्फत आवश्यक समन्वय गरि पठाउने ।